## मिति २०७४ चैत्र २९ गते आयोजना गरिएको विषयगत क्षेत्रका नेतृत्व र सह-नेतृत्व लिने निकाय तथा अन्य निकायहरु बीच भएको बैठकका निर्णयहरु

१. आगलागी तथा वाढी, पहिरो जस्ता विपद्का घटना र सो बाट हुन सक्ने सम्भावित जोखिम र क्षतिका सम्बन्धमा जनचेतना फैलाउन गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संचार तथा सुचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल लगायतका निकायले मातहतका निकायलाई निर्देशन दिने । उक्त निकायहरुका जिल्ला तथा स्थानीय तहमा रहेका कार्यालयहरुले विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

२. आगलागी तथा वन डढेलोका घटनाहरुबाट मानवीय, भौतिक तथा वातावरणीय क्षतिलाई न्यूनीकरण गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस सोसाइटी, मानवीय सहायताका क्षेत्रमा कार्यरत संघ संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु थप सक्रिय रहन अनुरोध गर्ने। विपद्का घटनाहरुबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि आ-आफ्ना क्षेत्रबाट भइरहेका काम कारवाहीहरुलाई थप प्रभावकारी बनाउने ।

३. सामुदायिक वनमा लाग्ने डढेलोबाट हुने जनधन र वातावरणीय लगायतका बिषयमा हुने क्षतिका लागि सम्वन्धित वन उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउन वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने।

४. संभावित विपद्का घटनाका समयमा र घट्ना पश्चात आईपर्ने स्वास्थ्य सम्बन्धी अवस्थालाई काबु बाहिरको परिस्थितिमा जान नदिन आवश्यक उपकरण तथा औषधीहरुको पर्याप्त व्यवस्था सहित जनशक्ति तयारी अवस्थामा राख्न स्वास्थ्य तथा जनसंङ्ख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

५. मनसुनको समयमा हुनसक्ने संभावित जोखिमलाई न्यूनीकरण गर्न सरकारी निकायहरुबाट आपत्कालीन कार्य योजना तयार पारी सो को Soft Copy र Hard Copy कालिमाटी फन्टमा १५ दिन भित्र गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा उपलब्ध गराउने ।

६. मनसुनका समयमा वाढी पहिरोबाट पूर्वाधार तथा भौतिक सम्पत्तिमा पुग्नसक्ने संभावित क्षति तथा राजमार्ग, खानेपानीका पाइप जस्ता Life Line हरुमा हुनसक्ने अवरोधहरुलाई मध्यनजर गरी रणनीतिक स्थानहरुमा हेवी ईक्विपमेन्टहरु सहितको टोली तयारी अवस्थामा (Stand by) रहन भौतिक पूर्वाधार तथा यातायात मन्त्राललाई अनुरोध गर्ने । यस कार्यमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालले आ-आफ्ना मातहतका निकायहरुलाई सक्रिय बनाई Life Line लाई तत्काल सुचारु गर्ने व्यवस्था मिलाउने ।

७. सबै जिल्लाहरुलाई वन डढेलो नियन्त्रण तथा मनसुन सम्बन्धी कार्य योजना बनाई संभावित जोखिमलाई न्यूनीकरण गर्न तयारी अवस्थामा रहन लगाउने ।

८. मनसुनका समयमा हुन सक्ने संभावित जोखिमलाई न्यूनीकरण गर्न नेपाल सरकारका सरोकारवाला मन्त्रालयहरु तयारी अवस्थामा रहन तथा प्रदेश स्तरीय मन्त्रालय र स्थानीय सरकारलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने ।

९. विपद्का समयमा प्रयोग हुने सामाग्रीहरु सहितको आपत्कालीन कार्य योजना बनाई संयुक्त राष्ट्र संघीय निकायहरुले संयुक्त राष्ट्र संघीय मानवीय संयोजकको कार्यालयमार्फत १५ दिन भित्र गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा उपलब्ध गराउने । त्यसै गरी नेपाल रेडक्रस सोसाइटीले केन्द्र तथा जिल्लाहरुमा आफ्ना गोदामहरुमा रहेका सामाग्रीहरुको पछिल्लो अध्यावधिक विवरण गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र र सम्बन्धित जिल्लाको जिल्ला विपद् व्यवस्थापन समिति लाई १५ दिन भित्र उपलब्ध गराउने ।

१०. सबै जिल्ला विपद् व्यवस्थापन समितिहरुले आ-आफ्नो जिल्लामा रहेका स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई सक्रिय बनाई विपद् पूर्व, विपद्को अवस्था र विपद् पश्चात स्वत परिचालन हुन अनुरोध गर्ने र सो कार्यका लागि मानवीय सहायतामा काम गर्ने गैर सरकारी संघ संस्थाहरुले आवश्यक सहयोग पुऱ्याउने ।

११. नेपाली सेनालाई विपद्को समयमा हुने जनधनको क्षतिलाई मध्यनजर गर्दै तत्काल परिचालन हुन सक्ने गरी प्रदेश नं १ मा इटहरी, प्रदेश नं ४ मा पोखरा र कर्णाली प्रदेशको सुर्खेतमा हेलिकप्टर सहितको खोज उद्धार टोली तयारी अवस्थामा (Stand by) राख्न अनुरोध गर्ने ।

१२. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाललाई सम्भावित विपद्लाई मध्यनजर गरी विभिन्न रणनीतिक स्थानहरुमा तालिमप्राप्त जनशक्ति राख्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

१३. जल तथा मौसम विज्ञान विभागलाई जल तथा बर्षा मापन केन्द्रमा रहेका जल तथा बर्षा मापन सामग्रीहरुलाइ चालु अवस्थामा राख्न अनुरोध गर्ने । पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाउन उक्त विभागबाट मनसुनको समयमा प्राप्त हुने सूचनालाई दुर संचार सेवा प्रदायक निकाय NTC र NCELL मार्फत प्रवाहगरी सो सूचनालाई धेरै भन्दा धेरै जनतामा सम्प्रेषण गरी जनधनको क्षतिलाई न्यून बनाउने कार्यमा सहयोग पुर्याउन संचार तथा सूचना प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने ।

१४. विपद् लेखाजोखा मार्गदर्शन, २०७२ लाई परिमार्जन गरी सहज तुल्याउने र विपद्का वेलामा Assessment Coordination Team लाई परिचालन गर्ने ।